# मनसुनजन्य विपद्का घटना सहितको प्रतिवेदन
# २०७९







नेपाल सरकार

गृह मन्त्रालय

फोन नं. ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- ११४९,
Email :- neocmoha@yahoo.com/
neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः- २०७९।०९।२४
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।



## सन्देश

यस बर्ष मनसुन अवधिभर घटेका विपद्जन्य घटना, उक्त घटनाहरुको प्रतिकार्यको लागी गरिएको पुर्वतयारी, खोज, उद्धार तथा राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन कार्यमा गृह मन्त्रालय, अन्य सरोकारवाला मन्त्रालयहरु तथा निकायबाट भएका काम कारवाही समन्वय, सहजिकरण, सहकार्यको अवस्थाका साथै समस्या तथा चुनौती र भावी कार्यदिशा समेत समावेश गरी मनसुनजन्य विपद्का घटना सहितका प्रतिवेदन, २०७९ तयार पारिएको छ।

मनसुन अवधिमा मनसुनजन्य घटनाको कारण हुने धनजनको क्षति न्यूनिकरणका लागी मन्त्रालयले पूर्वतयारी तथा प्रतिकार्य, खोज उद्धार तथा राहत वितरणको विवरण समेत दैनिक रुपमा विपद् व्यवस्थापन पोर्टलमा अद्यावधिक गर्नुका साथै मनसुनजन्य घटना विवरण सहितको प्रतिवेदन प्रकाशन गर्दै आईरहेको छ।

यस मन्त्रालयको विपद् तथा द्वन्द व्यवस्थापन महाशाखाबाट तयार पारिएको यो प्रतिवेदनका लागी विवरण उपलब्ध गराउने सरकारी तथा सरकारवाला निकाय सम्पूर्णलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। मनसुनजन्य विपद्का घटना सहितका प्रतिवेदन, २०७९ तयारी तथा प्रकाशनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख श्री प्रदिप कुमार कोईराला लगायत विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखामा कार्यरत कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

यो प्रतिवेदन आपतकालीन व्यवस्थापन र विपद् जोखिम न्यूनिकरणसँग सम्बन्धित सबै सरोकारवालाहरुको लागी उपयोगी हुने विश्वास लिएको छु।

......................
(विनोद प्रकाश सिंह)
सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं. ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- ११४९
Email :- neocmoha@yahoo.com/
neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः- २०७९।०९।२४
च.नं.:-



## मन्तव्य

नेपाल बहुप्रकोपीय विपद् घटनाहरुको उच्च जोखिममा रहेको छ। विपद्जन्य घटनाको प्रकृति हेर्दा एक विपद् घटनाले अर्को विपद् घटना सिर्जना हुने प्रवृति देखिएको हुँदा प्रत्येक बर्ष बाढी, पहिरो, चट्याङ, आगलागी, सडक दुर्घटना, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण जनधनको ठूलो क्षति हुने गरेको छ । यस बर्ष जेष्ठ २२ देखि शुरु भई असोज ३० गते बाहिरिएको मन्सुनमा भएको बर्षाको कारण बाढी, पहिरो, डुवान, कटान जस्ता विपद्का घटनाबाट ठूलो मात्रामा मानवीय तथा आर्थिक क्षति भएको छ।

यस मन्त्रालयले विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यमा नेतृत्वदायी भुमिका निर्वाह गर्दै आपतकालीन कार्यसञ्चालन केन्द्रको सक्रियता मार्फत विपद्का सम्भावित घट्नाको पूर्वसूचना दिने, आपतकालीन खोज तथा उद्धारको नेतृत्व गर्ने र घटना तथा क्षति सहितको विवरण सरोकारवालाहरुलाई नियमित सम्प्रेषण गर्ने गर्दछ। यसै सन्दर्भमा मनसुन जन्य विपद्का घटनाहरुको तथ्याङ्क, पूर्वतयारी तथा प्रतिकार्य, खोज तथा उद्धार र राहतको विवरण संलग्न गरी **'मनसुनजन्य विपद् घटना सहितको प्रतिवेदन, २०७९'** तयार गरिएको छ। यो प्रतिवेदन तयारीका लागी आवश्यक विवरण उपलब्ध गराउने मन्त्रालय/निकायहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै यस प्रतिवेदन तयारीमा संलग्न विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा प्रमुख श्री मातृका आचार्य, शाखा अधिकृतहरु रमेश प्रसाद रिजाल, गम्भीर सिंह बिष्ट, सुशील कुमार भण्डारी र दिपक कुमार आचार्य लगायत शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

मनसुन अवधिमा घटेका विपद्जन्य घटना, पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य, समस्या तथा चुनौती र आगामी कार्यदिशा सहितको विवरण समावेश गरी तयार परिएको यस प्रतिवेदन विपद् व्यवस्थापनसँग सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीमूलक हुने विश्वास लिएको छु।

.............................
(प्रदीप कुमार कोईराला)
सह-सचिव
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा

# कार्यकारी सारांश

निरन्तर दोहोरिरहने बहुप्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकहरु मध्ये नेपाल पनि एक हो। प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग,आगलागी, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको मुलुक नेपाल दक्षिण एशियाली मनसुनी हावापानी क्षेत्रमा अवस्थित छ। नेपालमा मनसुन सामान्यतया ज्येष्ठ (जुन) बाट सुरु भएर आश्विन (सेप्टेम्बर) सम्म रहने हुँदा यो अवधिमा निरन्तर वर्षा हुने गर्दछ। यसरी छोटो अवधिमा निरन्तर र ठुलो मात्रामा वर्षा हुँदा यसले विपद्को रुप लिई विपद्का घटना घट्ने र ठुलो मात्रामा जनधनको क्षति हुने गर्दछ। मनसुनजन्य विपद्बाट हुनसक्ने संभावित क्षति न्यूनीकरण, विपद् पश्चातको अवधिमा प्रतिकार्य, पुनर्स्थापना लगायतका कामका लागि संघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाईएको छ।नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को व्यवस्था अनुरुप विपद् व्यवस्थापनमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। नीतिगत, कानूनी, संरचनागत एवं संस्थागत व्यवस्था र विषयगत निकायको संयुक्त प्रयासबाट नेपालको विपद् व्यवस्थापन क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको भएतापनि अपेक्षाकृत उपलब्धि हासिल गर्न भने सकिएको छैन। कमजोर भौगर्भिक अवस्था, नदी जलप्रवाह मार्गमा अतिक्रमण, मौसमी विषमता, स्रोत साधनको सिमितता, प्रतिकार्य सामग्रीको अपर्याप्तता, जलवायु अनुकूलित र उत्थानशील विकासलाई वेवास्ता जस्ता समस्याका कारण यस बर्ष पनि मनसुन अवधिभर (जेठ २२ गतेबाट शुरु भई असोज ३० मा बाहिरिएको) विपद्जन्य घटनाबाट ठूलो मात्रामा मानवीय, आर्थिक, भौतिक तथा पशुपन्क्षीको नोक्सानी व्यहोर्नु पर्यो।

यस बर्षको मनसुन अवधिमा मनसुनजन्य घटनाबाट २३०३ घरपरिवार प्रत्यक्ष प्रभावित हुन पुगे भने ११९ जनाले ज्यान गुमाए। जिल्लागत रुपमा अछाम जिल्लाका बासिन्दाले सबैभन्दा धेरै मानवीय क्षति व्यहोर्नु पर्‍यो। यसैगरी मनसुन अविधमा मनसुनजन्य घटनाबाहेक अन्य विपद्का १४५७ वटा घटनाबाट १९६० घरपरिवार प्रभावित भए भने अनुमानित रु. ७० करोड भन्दा बढीको क्षति हुन पुग्यो। यस प्रतिवेदनमा नेपालको भौगोलिक अवस्था, मनसुन अवधिमा भएका विपद्जन्य घटनाको विवरण, गृह मन्त्रालय एवं अन्य विषयगत निकायको भूमिका, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनामा भएको प्रयास, मनसुनबाट भएको क्षतिको विगत ६ बर्षको तुलनात्मक विवरण, समस्या तथा चुनौती एवं आगामी कार्यदिशा लगायतका विषयलाई संक्षिप्तमा उल्लेख गरिएको छ।

# विषय-सूची


१. पृष्ठभूमि ....... १

२. नेपालको भौगोलिक अवस्था ....... १

३. मनसुनजन्य विपद् व्यवस्थापनमा विषयगत निकायको भूमिका तथा पूर्वतयारीमा भएका प्रयासहरु ....... २

क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समिति ....... २

ख) गृह मन्त्रालय ....... ३

ग) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ....... ५

घ) राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र ....... ७

ङ) अन्य निकाय ....... ८

च) मनसुनजन्य विपद् जोखिम तथा क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी ....... ८

४) पुनर्निर्माण तथा पुनर्स्थापनाका प्रयास ....... ९

५) मनसुनजन्य विपद्का घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरण ....... १०

क) मनसुनजन्य विपद्का घटनाबाट भएको क्षतिको विवरण ....... १०

ख) अन्य विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरण ....... १२

ग) मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाइएको राहत सामग्रीहरुको विवरण ....... १३

घ) विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण ....... १३

ङ) विगत ६ वर्षमा मनसुनबाट भएको मानवीय क्षतिको तुलनात्मक विवरणः ....... १५

६) समस्या र चुनौतीहरु ....... १५

समस्याहरुः ....... १५

चुनौतीहरुः ....... १६

७) अबको कार्यदिशा ....... १६

८) निष्कर्ष ....... १७

अनुसूची १ ....... १८

अनुसूची २ ....... २२

अनुसूची ३ ....... २६

## १. पृष्ठभूमि

नेपाल बहुप्रकोपीय जोखिमयुक्त मुलुक भएकोले मनसुनको समयमा प्राकृतिक तथा गैरप्राकृतिक घटनाहरुबाट अत्याधिक जोखिमको अवस्था सिर्जना हुने गर्दछ। विश्वमा जलजन्य प्रकोपमा ३० औं र बहुप्रकोपीय जोखिममा २० औं स्थानमा पर्ने नेपालमा बाढी, पहिरो, डुवान, चट्याङ्ग, खडेरी, हिमपात, असिना, हुरी बतास, अतिवृष्टि, अनावृष्टि, शितलहर, आगलागी जस्ता प्राकृतिक प्रकोपका घटनाबाट ठुलो जनधनको क्षति हुने गरेको छ । दक्षिण एसियाली हावापानीमा पर्ने मुलुक नेपालमा हिन्द महासागरमा विकास भई बङ्गालको खाडी हुँदै प्रवेश गर्ने मनसुनी वायुका कारण सामान्यतया जेष्ठ देखि आश्विवन सम्म निरन्तर वर्षा हुने गर्दछ। नेपालमा बार्षिक वर्षाको ८० प्रतिशत वर्षा मनसुनी वर्षाको रुपमा यसै अवधिमा हुने भएकाले छोटो अवधिमा निरन्तर र ठुलो मात्रामा वर्षा हुँदा यसले विपद्को रुप लिने गर्दछ। कमजोर भौगर्भिक अवस्था, नदी जलप्रवाह मार्गमा अतिक्रमण, मौसमी विषमताका कारण मनसुनजन्य विपद्का घटनाबाट नेपालमा बर्षेनी ठुलो जनधनको क्षति हुने गरेको छ ।

नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीमा राखी सबै तहका सरकारलाई उत्तिकै जिम्मेवार बनाएको छ। सोही अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन हुँदै आएको छ। विपद् व्यवस्थापनका क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को व्यवस्था अनुरुप विपद् व्यवस्थापनमा गृह मन्त्रालयले समन्वयकारी तथा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

## २. नेपालको भौगोलिक अवस्था

नेपाल दक्षिण एशियामा अवस्थित भू-परिवेष्ठित मुलुक हो। समुद्री सतहबाट करिब ११२७ कि.मि. टाढा एवं दक्षिण एशियाका दुई ठूला मुलुक भारत र चीनको बीचमा अवस्थित नेपालको कूल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. रहेको छ। नेपाल २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको पूर्व पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई औषत करिब १९३ कि.मि. रहेको छ। नेपालले विश्वको कुल भुभागको ०.०३ प्रतिशत, एसिया महादेशको ०.३ प्रतिशत र दक्षिण एसियाको २.८२ प्रतिशत भूभाग ओगटेको छ। यसको पूर्व, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीन पर्दछ। नेपालको प्रमाणिक समय दोलखा जिल्लामा पर्ने गौरीशंकर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानि निर्धारण गरिएको छ। नेपालको स्थानीय समय ग्रीनवीच मानक समयभन्दा ५ घण्टा ४५ मिनेट छिटो रहेको छ।

विश्वमा ब्राजिल पछि जलस्रोतको धनी देशका रुपमा चिनिने नेपालमा ६००० (छ हजार) भन्दा बढी नदीनाला रहेका छन्। विश्वका ८००० (आठ हजार) मिटरभन्दा उच्च १४ वटा हिमालमध्ये ८ वटा हिमाल नेपालमै पर्दछन्। हिमालय क्षेत्रका साथै कोशी, गण्डकी, कर्णाली लगायत ठूला नदीहरु र रारा, फेवा, गोसाइँकुण्डजस्ता सुन्दर तालहरु नेपालमै पर्दछन्। भू-स्वरुपको विभिन्नताले गर्दा उष्ण (Tropical), उपोष्ण (Mesenterial), सूक्ष्म तापीय (Micro Thermal), टुण्ड्रालगायतका जलवायुको विविधता पनि नेपालमा रहेको छ। हिमाल, पहाड र तराईमा फरक-फरक प्रकारको हावापानी, वनजङ्गल पाउनुका साथै मौसम अनुसारका फलफूल तथा अन्नबाली उब्जने गर्छन्। मनसुनको समयमा हुने अधिक वर्षाका कारण ८००० मिटर अग्ला हिमालयको हाराहारीबाट ७० मिटर तराईको फाँटसम्म पानी बग्दा नदीको धार तीब्र हुने र यस तीब्रताले बाढी पहिरो तथा डुबान हुने गर्दछ। हिउँदको समयमा अल्पवृष्टि, अनावृष्टि भई खडेरी पर्ने, उत्पादन न्यून हुनेजस्ता जोखिम नेपालले ब्यहोर्दै आएको छ। सतही ढुङ्गाले शिवालिक क्षेत्रको पर्वतीय भूभागलाई नियन्त्रण गरेको छ। शिवालिक क्षेत्रको दक्षिणमा एउटा लामो पेटी पूर्वदेखि पश्चिमसम्म फैलिएको र यो क्षेत्र बालुवा, कङ्कड, ढुङ्गा र खुकुला खस्रा पदार्थले बनेको कारणले नेपाल भौगर्भिक हिसाबले पनि अति संवेदनशील मुलुकमा पर्दछ।

## ३. मनसुनजन्य विपद् व्यवस्थापनमा विषयगत निकायको भूमिका तथा पूर्वतयारीमा भएका प्रयासहरु

विपद् व्यवस्थापन कार्य वहुक्षेत्रगत विषय हो । यसका लागि सबै तहका सरकार, विषयगत मन्त्रालय तथा निकायहरुको पर्याप्त पूर्वतयारी र उत्थानशीलता आवश्यक पर्दछ । विपद् व्यवस्थापनमा विषयगत मन्त्रालय तथा निकायहरुले गर्दै आएका कार्यहरुलाई संक्षिप्त रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समिति

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिबाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरु देहाय बमोजिम उल्लेख गरिएको छः

- **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्**

  विपद् व्यवस्थापनसँग सम्बन्धित कामलाई प्रभावकारीरुपले सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्मानननीय प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को व्यवस्था गरिएको छ ।

- **कार्यकारी समिति**

  विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्बाट स्वीकृत नीति योजना कार्यान्वयन गर्ने गराउने कामका लागि माननीय गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको व्यवस्था गरिएको छ । २०७९ साल बैशाख १ गतेदेखि असोज ३० गतेसम्म

कार्यकारी समितिबाट भएका विपद् व्यवस्थापनसँग सम्बन्धित निर्णयहरुको छायाँप्रति अनुसूची ३ मा राखिएको छ ।

**ख) गृह मन्त्रालय**


नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ को नियम ५ को उपनियम (८) को बुँदा नं १८ र १९ मा विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन तथा राष्ट्रिय विपद् कोष स्थापना, संचालन एवं प्रादेशिक कोषमा सहयोग र समन्वय गर्ने काम गृह मन्त्रालयको हुने भनी उल्लेख गरिएको छ । सोही बमोजिम विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिले सम्भावित मनसुनजन्य विपद् तथा अन्य प्राकृतिक/गैरप्राकृतिक विपद् व्यवस्थापन सम्बन्धमा बैठक बसी सम्भावित विपद् व्यवस्थापनका लागि आवश्यक निर्णय गर्ने, कार्यान्वयनका लागि मन्त्रालय मार्फत निर्देशन दिने, विपद् सम्बन्धी ऐन तथा कानुन परिमार्जनमा समन्वय गर्दै आएको छ । विपद् व्यवस्थापन सम्बन्धी गृह मन्त्रालयले गर्दै आएका कार्यहरुलाई संक्षिप्त रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन तथा राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक कोषमा सहयोग र समन्वय गर्ने,
- मन्त्रालयको नेतृत्वदायी भूमिकामा नेपाल विपद् प्रतिवेदन प्रकाशन गर्नका लागि आवश्यक तयारी गर्ने,
- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन तथा सोको प्रगति प्रतिवेदन तयार गर्ने,
- राष्ट्रिय बन्दोबस्ती क्षेत्र (Logistics Cluster) को नेतृत्व, समन्वय र बैठक सञ्चालन गर्ने,
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृनिकाय, सहयोगी संघसंस्थाहरुसँग समन्वय गरी स्रोत साधन परिचालन गर्ने,
- राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा रकम निकासा गर्ने प्रकृयालाई सहजीकरण गर्ने,
- प्रादेशिक गोदामघर तथा मानवीय सहायतास्थल स्थापना र सञ्चालन गर्ने,
- मौसमी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयारी एवं कार्यान्वयन गर्ने गराउने,
- जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी पहिरो, डुबानलगायत विपद्का घटना, मौसम पूर्वानुमान तथा पूर्वसूचना प्राप्ति तथा विश्लेषण गरी सूचना प्रवाह गर्ने,

- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवालाहरुसँग खोज, उद्धार तथा राहतमा समन्वय र सहजीकरण गर्ने ।

यसरी गृह मन्त्रालयले विगतका अनुभव समेतका आधारमा सरोकारवाला निकायसँग छलफल, प्राविधिक विश्लेषण, सम्भावित जोखिम आँकलन र विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि नेपाली सेना, नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल नेपाललाई विपद्को समयमा उपयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने, आवश्यक सूचना सञ्चार, परिपत्र, निर्देशन जारी गर्ने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा भएको प्रावधान बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने काम गरिरहेको छ ।

**विपद् व्यवस्थापनमा गृह मन्त्रालय अन्तर्गतको संगठनात्मक संरचना**



## ग) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० को व्यवस्थानुसार गृह मन्त्रालय अन्तर्गत रहने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी संघीय स्रोत निकायको रुपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भएको छ ।उक्त ऐन बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ।

- परिपद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने, गराउने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रुपमा कार्य गर्ने,
- नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भू-मण्डलीय तापमान बृद्धि, जलवायु परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,
- प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने,
- विपद् व्यवस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरुको कार्यमा समन्वय एवं सहजीकरण गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी  खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,
- विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,
- विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने,
- विपद्का घटना पश्चात मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,
- विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

- राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,
- नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,
- सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभूत अभिमुखीकरण तालीमको विषय र मापदण्ड तोक्ने,
- विपद् व्यवस्थापनका सम्बन्धमा संघ, प्रदेश र स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरुस्त राख्न लगाउने,
- विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,
- विपद् जोखिम न्यूनीकरणको लागि भू-विज्ञान, भूकम्प विज्ञा, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने, गराउने,
- विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ स्क्वाड गठन गर्ने,
- विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक व्यूरो गठन गर्ने,
- विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समुदाय एवम् स्वयंसेवकहरु परिचालन गर्ने, गराउने,
- विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रुपमा परिचालन गर्ने, गराउने,
- विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने,
- विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने, गराउने,

- विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी कार्यकरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

**घ) राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र**

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा अन्तर्गतको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाबाट संचालित राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र (NEOC) ले विपद् व्यवस्थापन सम्बन्धमा गर्दै आएका प्रमुख कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ।

- विपद् प्रतिकार्यको लागि राष्ट्रिय तहमा सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति र गृह मन्त्रालयका निर्णयहरूको कार्यान्वयन गर्ने,
- प्रतिकार्यमा संलग्न सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहहरु बीच समन्वय गर्ने,
- मानवीय सहायतासम्बन्धी कार्यको लागि नेतृत्व तथा समन्वय गर्ने निकायका रूपमा कार्य गर्ने,
- सरोकारवाला निकायहरूबाट विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने,
- सरकारका सबै तहका निकायहरूको विपद् पूर्वतयारी योजना तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने,
- विपद् जोखिमको सूचना तथा पूर्वचेतावनी दिने, जोखिमको अवस्था टरेको जानकारी दिने तथा विपद् पूर्वसूचना प्रणाली व्यवस्थापनमा समन्वय गर्ने,
- विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने र विपद्को वार्षिक प्रतिवेदन प्रकाशन गर्ने,
- विपद्का घटना र क्षतिको तथ्याङ्क संकलन तथा प्रवाह गर्ने आधिकारिक निकाय भएकोले विपद् प्रतिकार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यको विवरण नियमितरुपमा सार्वजनिक गर्ने,
- सबै जिल्लामा आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्जाल स्थापना गरी तिनको व्यवस्थापन गर्ने,
- विपद्बाट भएको प्रभाव र क्षतिको प्रारम्भिक द्रूत लेखाजोखा, बहुक्षेत्रगत द्रूत लेखाजोखा र क्षेत्रगत विस्तृत लेखाजोखा गरी प्रतिकार्यका लागि आवश्यक साधन स्रोतको पहिचान गर्न सघाउने,

- मानवीय सहायतास्थलको सञ्चालन व्यवस्था प्रभावकारी गर्नका लागि राष्ट्रिय तहमा आवश्यक समन्वय गर्ने,
- राहत तथा उद्धार सामग्रीहरुको केन्द्रीय अभिलेख तयार गरी नियमितरुपमा अद्यावधिक गर्ने।

उल्लिखित कामका अतिरिक्त कोभिड- १९ रोकथाम तथा नियन्त्रणका लागि गरेका कामहरु देहाय बमोजिम रहेका छन्ः

- कोभिड- १९ को दैनिक जिल्लागत तथ्याङ्क संकलन, प्रविष्टि तथा दैनिक प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने गरिएको,
- राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र र स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र बीच तथ्याङ्क आदान-प्रदान एवं आवश्यक समन्वय गरिएको,
- कोभिड- १९ नियन्त्रण तथा व्यवस्थापनका लागि जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी सूचना तथा तथ्याङ्क व्यवस्थापनमा सहजीकरण गरिएको,
- आपतकालीन व्यवस्थापन (कोभिड- १९ व्यवस्थापन समेत) का लागि अत्यावश्यक वस्तुहरुको संकलन, सञ्चिति तथा ढुवानीको व्यवस्था गरिएको।

**ङ) अन्य निकाय**

नेपालको संविधानले विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा राखेको छ । विपद् व्यवस्थापनमा गृह मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गरेको भएतापनि कुनै एक मन्त्रालय वा निकायको प्रयासमा विपद् व्यवस्थापन सम्भव नहुने भएकाले तिनै तहका सरकार, विषयगत मन्त्रालय तथा अन्य सरोकारवाला निकायको संयुक्त प्रयासका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता हुन्छ । संघ, प्रदेश र स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद् जोखिम न्यूनीकरण तथा रोकथामका जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गरेका छन।साथै गैरसरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्र संघीय निकाय र स्थानीय सामुदायिक संस्थाहरुको समेत आपतकालीन व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणमा महत्वपूर्ण भूमिका रहेको छ।

**च) मनसुनजन्य विपद् जोखिम तथा क्षति न्यूनीकरणका लागि भएका पूर्वतयारी**

नेपालमा प्रभावकारी विपद् व्यवस्थापनका लागि नीतिगत, कानूनी, संरचनागत तथा संस्थागत व्यवस्था गरिएको छ । मनसुन अवधिमा हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण तथा रोकथामका लागि भएका पूर्वतयारीका प्रयासहरु संक्षिप्त रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको,

- उल्लेखित राष्ट्रिय कार्ययोजना अनुरुप प्रदेश, जिल्ला र स्थानीय तहमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार भई कार्यान्वयनमा आएको,
- मनसूनजन्य सम्भावित विपद् सम्बन्धी पूर्वसूचना विभिन्न माध्यमबाट जिल्ला प्रशासन तथा स्थानीय तह मार्फत समुदाय स्तरमा पुऱ्याई सचेत गराईएको,
- मनसुन अवधिभरका लागि गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाका प्रमूखको नेतृत्वमा विषयगत निकायका प्रतिनिधि सदस्य रहने गरी मनसुन कमाण्ड पोष्ट र NEOC प्रमुखको नेतृत्वमा कार्यदल गठन गरी कार्य सञ्चालन गर्ने गरिएको,
- जिल्ला तथा स्थानीय स्तरबाट प्राप्त विपद् सम्बन्धी घटना तत्काल सम्बोधनका लागि सरोकारवालालाई सूचना प्रवाह गर्ने व्यवस्था गरिएको,
- विपद्को समयमा आवश्यक पर्ने राहत तथा बन्दोबस्तीका सामग्री पहुँचयोग्य मानवीय सहायता स्थल, प्रदेश गोदाम घर र जिल्ला विपद् व्यवस्थापन समितिमा भण्डारण गरिएको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र कार्यकारी समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गरिएको।

**४) पुनर्निर्माण तथा पुनर्स्थापनाका प्रयास**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गृह मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन क्षेत्रमा स्रोत निकायको रुपमा स्थापित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मन्त्रालयको निर्देशन र समन्वयमा विपद् जोखिम पूर्वतयारीका लागि अध्ययन, अनुसन्धान, क्षमता विकास र विपद् पश्चातको पुनर्निर्माण एवं पुनर्स्थापनाको काम गर्दै आइरहेको छ ।पुनर्स्थापना तथा पुनर्निर्माणमा भएका प्रयासलाई संक्षिप्त रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७९ बमोजिम विभिन्न ३५ विपद् प्रभावित जिल्लामा पुर्नर्निर्माण तथा पुनर्स्थापनका लागि हालसम्म १ अर्ब १२ करोड ६४ लाख ७५ हजार निकासा गरिएको,
- मिति २०७९।०५।१७ गतेको कार्यकारी समितिको बैठकको निर्णयानुसार मनसुनजन्य विपद्बाट क्षतिग्रस्त अत्यावश्यक संरचनाहरुको तत्काल पुनर्निर्माण तथा जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९ बमोजिम सम्बन्धित स्थानीय तहले कम्तीमा २० प्रतिशत लागत सहभागिता गर्ने सुनिश्चित भएपछि जिल्ला विपद् व्यवस्थापन कोषमार्फत् उदयपुर जिल्ला बेलका नगरपालिका वडा नं. ८ सप्तकोशी नदी तटबन्ध गर्ने कार्यका लागि रु. ९७ लाख,

प्यूठान जिल्ला प्यूठान नगरपालिका झिमरुक नदी तटबन्ध निर्माणका लागि रु.९७ लाख, पालुङटार नगरपालिका वडा नं. ९ र १० मा अस्थायी पुल निर्माण तथा तटबन्ध निर्माण गर्ने कार्यका लागि रु.१ करोड र डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं. २ गणेश मा.वि. र भुवनेश्वरी मा.वि. पहिरो जोखिम न्यूनीकरण गर्न रिटेनिङ वाल लगाउने कार्यका लागि रु.१७ लाख विपद् व्यवस्थापन कोषबाट निकासा कार्य अघि बढाइएको,

- मनसुनजन्य विपद्बाट प्रभावित जिल्लाहरुमा अन्य सम्बद्ध निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै विपद्बाट भएको क्षति र विपद् जोखिमको आँकलनका लागि विज्ञ प्राविधिक टोली पठाईएको।

**५) मनसुनजन्य विपद्का घटना, क्षति र राहत वितरणको संक्षिप्त विवरण**

यस वर्ष मनसुन अवधिमा मनसुनजन्य विपद् घटनाबाट २३०३ घरपरिवार प्रत्यक्ष प्रभावित भए भने ११९ जनाले ज्यान गुमाएको देखिन्छ।मनसुन अवधिमा भएको क्षतिको विवरणलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**क) मनसुनजन्य विपद्का घटनाबाट भएको क्षतिको विवरण**


यस वर्ष जेष्ठ २२ गतेबाट शुरु भएको मनसुनका कारण गएको बाढी, पहिरो, डुबानबाट नेपालले ठूलो धनजनको क्षति व्यहोर्नु पर्यो। उक्त मानवीय र भौतिक क्षतिलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- **मानवीय क्षतिको विवरण**

  यस वर्ष मनसुन अवधिमा मनसुनजन्य घटना मध्ये पहिरोबाट सबैभन्दा बढी ३१० घटना घटी ९२ जनाले ज्यान गुमाए भने १९६८ परिवार प्रत्यक्ष प्रभावित भएको देखिन्छ। मनसुनजन्य घटनाबाट भएका मानवीय क्षतिको विवरण तलको तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार |
|---|---|---|---|---|---|---|
| १ | पहिरो | ३१० | ९२ | १७ | ८० | १९६८ |
| २ | बाढी | ५३ | १९ | १५ | १७ | १३६ |
| ३ | भारी वर्षा | १६३ | ८ | ० | १८ | २०१ |
| जम्मा | | **५२६** | **११९** | **३२** | **११५** | **२३०५** |

स्रोत: http://drrportal.gov.np




**मानवीय क्षतिको जिल्लागत विवरण अनुसूची १ मा राखीएको छ**

- **भौतिक संरचना क्षतिको विवरणः**

  यस मनसुन अबधिमा मनसुनजन्य विपद् घटनाबाट भौतिक संरचनामा भएको क्षतिलाई तलको तालिकामा उल्लेख गरिएको छः

| घर क्षति | | सरकारी | सामुदायिक | पुल | | हाईड्रो |
|---|---|---|---|---|---|---|
| आंशिक | पूर्ण | कार्यालय | भवन | झोलुङ्गे | पक्की | पावर |
| ११०६ | १००६ | १ | ३ | ५ | ६ | २ |

स्रोत: http://drrportal.gov.np

**भौतिक क्षतिको विस्तृत विवरण अनुसूची १ मा राखीएको छ ।**

### ख) अन्य विपद्जन्य घटनाहरुबाट भएको क्षतिको विवरण

यस बर्षको मनसुन अवधिमा मनसुनजन्य घटना बाहेक अन्य घटनाबाट १२२९ परिवार प्रभावित भए भने ११४ ले ज्यान गुमाएको देखिन्छ। अन्य विपद्जन्य घटनाबाट भएको क्षतिको विवरण संक्षिप्त रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

मिति २०७९ जेठ २२ गते देखि असोज ३० गते सम्म मनसुन घटनाबाहेक अन्य विपद्जन्य घटनाबाट भएको क्षतिको विवरण

| सि.नं. | घटना | घटना संख्या | मृत्यु | | | वेपत्ता | घाईते | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | चटयाङ्ग | १८७ | ३९ | २१ | ६० | ० | ३७ | १२० | १५७ | २७९ | १५ | २ | ४ | ५६० | २७३९००० |
| २ | सर्पदंश | १८ | १० | ६ | १६ | ० | २ | ० | २ | १८ | ० | ० | ० | ० | ० |
| ३ | आगलागी | ५६५ | ६ | ८ | १४ | ० | ५१ | ४१ | ९२ | ६३४ | १९४ | १६१ | १२४ | २६८ | ५५६५६१३०० |
| ४ | जनावर आतङ्क | १२० | ५ | ९ | १४ | ० | ४२ | ३२ | ७४ | १८५ | ५२ | ३ | २ | २३ | ३२७८६०० |
| ५ | लेक लाग्नु | २ | २ | १ | ३ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| ६ | हावा-हुरी | २४ | २ | ० | २ | ० | ७ | ८ | १५ | ८७ | ७४ | १५ | ० | १ | ४९२००० |
| ७ | हिऊँपहिरो | २ | २ | ० | २ | ० | ११ | ० | ११ | १३ | ० | ० | ० | ० | ० |
| ८ | ढुङ्गा पल्टेर | ३ | १ | ० | १ | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| ९ | हिऊँ-हुरी | १ | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| १० | जङ्गल आगलागी | ५ | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ११ | भुकम्प | ५ | ० | ० | ० | ० | ० | १ | १ | ७ | ५ | १ | ० | ० | ८३०००० |
| जम्मा | | ९३२ | ६९ | ४५ | ११४ | १ | १५० | २०२ | ३५२ | १२२९ | ३४० | १८२ | १३० | ८५२ | ५६३९००९०० |

स्रोत: http://drrportal.gov.np

### ग) मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाइएको राहत सामग्रीहरुको विवरण

मनसुन अवधिभर विपद् घटनाबाट प्रभावितहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको माग बमोजिम गृह मन्त्रालयको स्वीकृतिमा तत्काल राहत तथा आपतकालीन बन्दोबस्तीका सामग्रीहरु उपलब्ध गराउने गरिएको छ। मनसुन अवधिमा विभिन्न जिल्लाहरुमा पठाईएको राहत सामग्रीहरुको विवरण देहाय बमोजिम उल्लेख गरिएको छः

| सि.नं. | जिल्ला | राहत सामग्री | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | टेन्ट | त्रिपाल | कम्बल | ब्लाङ्केट | |
| १ | सुर्खेत | ८४ | १० | - | १३० | |
| २ | प्युठान | ६० | १७० | - | - | |
| ३ | धादिङ्ग | २१ | २५ | - | - | |
| ४ | उदयपुर | २१० | - | - | - | मोटेरवल रबर बोट -२ |
| ५ | मोरङ्ग | ५ | १००० | ५० | - | |
| ६ | जुम्ला | १० | ८४ | १३० | | |
| जम्मा | | ३९० | १२८९ | १८० | १३० | |

स्रोतः NEOC

### घ) विपद् व्यवस्थापन कोषमा निकासा भएको रकमको विवरण


मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि बाढीको उच्च जोखिम रहेका २३ जिल्ला, पहिरोको उच्च जोखिम रहेको २२ जिल्लामा रु.७ लाखका दरले र अन्य ३२ जिल्लामा रु.५ लाखका दरले जम्मा रु. ४ करोड ७५ लाख राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला व्यवस्थापन कोषमा निकासा गरिएको छ । साथै विपद् प्रभावित जिल्लाले माग गरे बमोजिम आवश्यकता र औचित्यका आधारमा राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराईएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| सि.नं. | जिल्ला प्रशासन कार्यालय | निकासा मिति | निकासा भएको रकम | कैफियत |
|---|---|---|---|---|
| | | बैशाख | | |
| १. | जुम्ला | २०७९।०१।१० | १५००००० | |
| २. | प्यूठान | २०७९।०१।०९ | १०००००० | |
| | | **जम्मा** | **२५,००,०००** | |
| | | जेष्ठ | | |
| १. | नवलपरासी पूर्व | २०७९।०२।०६ | १५००००० | |
| २. | खोटाङ्ग | २०७९।०२।०९ | २०००००० | |
| ३. | बाजुरा | २०७९।०२।२३ | २५००००० | |
| | | **जम्मा** | **६०,००,०००।-** | |
| | | असार,साउन र भदौ निकासा नभएको<br>असोज | | |
| १. | अछाम | - | ५०००००० | |
| २. | दार्चुला | २०७९।०६।१३ | ४५००००० | |
| ३. | मकवानपुर | २०७९।०६।२४ | ५०००००० | |
| ४. | प्युठान | २०७९।०६।२५ | ४०००००० | |
| | | **जम्मा** | **१,८५,००,०००।-** | |
| | | **कुल जम्मा** | **२,७०,००,०००।-** | |

स्रोतः गृह मन्त्रालय

### ङ) विगत ६ वर्षमा मनसुनबाट भएको मानवीय क्षतिको तुलनात्मक विवरणः

विगत छ वर्षमा मनसुनजन्य घटनाका कारण भएको क्षतिको तुलनात्मक अवस्था हेर्दा सबैभन्दा बढी मानवीय क्षति भएको २०७७ सालमा ३४८ जनाले ज्यान गुमाएको, १०१ जना वेपत्ता भएको र २८९ जना घाईते भएको देखिन्छ । ६ वर्षको क्षतिको तुलनात्मक विवरणलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




स्रोतः http://drrportal.gov.np

### ६) समस्या र चुनौतीहरु

नेपालमा भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीतिगत, कानूनी, संरचनागत एवं संस्थागत व्यवस्था र विषयगत निकायको संयुक्त प्रयासले विपद् व्यवस्थापन क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरिएता पनि अपेक्षाकृत उपलब्धि हासिल गर्न भने सकिएको छैन । यस क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरुलाई छोटकरीमा देहाय बमोजिम उल्लेख गरिएको छ।

#### क) समस्याहरुः

- भौगोलिक कठिनाईले बढाएको विपद् जोखिमलाई सम्बोधन गर्न पर्याप्त प्रतिकार्य सामग्री नहुनु,
- विपद्सम्बन्धी बुझाईमा एकरुपता नहुनु,
- विपद् पूर्वसूचना प्रणाली व्यवस्थित नहुनु/सूचनाको पहुँच कम हुनु,
- वैज्ञानिक भू-उपयोग नीतिको प्रभावकारी उपयोग गर्न नसकिनु,
- प्राकृतिक एवं गैरप्राकृतिक विपद् जोखिम सम्बन्धी विषयलाई विद्यालयस्तरको

पाठ्यक्रममा समावेश गर्न नसक्नु,

- विपद् व्यवस्थापन सम्बन्धमा छुट्टै बजेट शीर्षकको व्यवस्था नहुनु,
- तहगत सरकार तथा विषयगत निकायबीच उचित समन्वयको अभाव हुनु,
- विपद्का क्षेत्रमा काम गर्ने निकाय एवं संघसंस्थालाई एकद्वार प्रणालीबाट परिचालन गर्न नसकिनु,
- विपद् जोखिमबाट सुरक्षित तथा जलवायु अनुकूलित र उत्थानशील विकासलाई बेवास्ता गरिनु,
- विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको पूर्वतयारीमा पर्याप्त ध्यान नभई तीन तहका सरकारका कर्ताहरु बढी प्रतिकार्य तथा राहत केन्द्रित हुनु।

**ख) चुनौतीहरु:**

- विपद् पूर्वसूचना प्रणाली व्यवस्थित गरी सूचनाको पहुँच कायम गर्ने,
- विपद्सम्बन्धी बुझाईमा एकरुपता कायम गर्ने,
- भू-उपयोग नीतिको पालना गर्ने,
- विषयगत निकाय तथा तहसँग उचित समन्वय गर्ने,
- विपद् व्यवस्थापनका विषयमा स्थानीय तहलाई जिम्मेवार बनाउने,
- विपद्का क्षेत्रमा काम गर्ने निकाय एवं संघसंस्थाहरुलाई एकद्वार प्रणालीबाट परिचालन गर्ने,
- विपद् जोखिमबाट सुरक्षित तथा जलवायु अनुकूलित र उत्थानशील विकास प्रणाली अवलम्बन गर्ने।

**७) अबको कार्यदिशा**

मनसुनजन्य विपद् तथा अन्य विपद्का कारण वर्षेनी नेपालले ठूलो मात्रामा धनजनको क्षति व्यहोर्दै आएको अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि अबको कार्यदिशा देहाय बमोजिम हुन आवश्यक छ।

- विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने,
- एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापन तथा अन्तरसम्बन्धलाई सम्बोधन गर्ने गरी माथिल्लो तथा तल्लो तटीय क्षेत्र अनुरुप भू- तथा जलाधार संरक्षणसम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने,
- राष्ट्रिय भू-उपयोग नीति अनुरुप स्थानीय तहमा बहुप्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित वस्ती विकास गर्ने, असुरक्षित वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,
- विपद्को साझा बुझाई निर्माण गर्दै विपद्जन्य घटनालाई न्यूनीकरण गर्ने र विपद् उत्थानशील समाजको निर्माण गर्ने काम अबको प्राथमिकताको क्षेत्र रहनुपर्छ,

- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नियमावली, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, सेण्डाई कार्यढाँचा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना लगायत विपद् व्यवस्थापनसँग सम्बन्धित ऐन, नियममा उल्लिखित व्यवस्था बमोजिम विषयगत मन्त्रालय, विभाग, निकायहरुले आ-आफ्नो जिम्मेवारी गहनतापूर्वक निर्वाह गर्ने साथै तीनै तहका सरकारले विपद् (मनसुनजन्य समेत) जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राख्ने,
- विपद् व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण तथा सबै तहमा जोखिम सम्बन्धी जानकारीको पहुँच स्थापित गर्न छुट्टै बजेटको व्यवस्था गरी आपतकालीन कार्यसंचालन केन्द्रहरुको सबलीकरण गर्नु आवश्यक छ।

## ८) निष्कर्ष

नेपालले वार्षिक रुपमा मनसुनजन्य घटनाबाट सिर्जित विपद्बाट मानवीय तथा आर्थिक क्षति उल्लेख्य रुपमा व्यहोर्दै आएको छ। सम्भावित जोखिम र क्षतिलाई न्यूनीकरण गर्नका लागि विगतका अभ्यासबाट पाठ सिक्दै विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवालाहरु बीच प्रभावकारी समन्वयको आवश्यक छ। स्थानीयस्तरमा दक्ष जनशक्तिलाई तयारी अवस्थामा राख्ने, साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद्लाई सबैले साझा चुनौतिका रुपमा बुझी आ-आफ्नो जिम्मेवारी बोध गर्न सकेमा विपद्बाट हुनसक्ने सम्भावित क्षतिलाई उल्लेख्य मात्रामा न्यूनीकरण गर्न सकिन्छ।

## अनुसूची १

## मनसुनजन्य घटनामा भएको क्षतिको जिल्लागत विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| १. | ताप्लेजुङ | १६ | २ | ० | ४ | १६५ | ४४ | १०७ | ७ | ६४ | २९०७०००० |
| २. | पाँचथर | ९ | ३ | ० | ० | ७ | ३ | ४ | ० | ९ | २८६०००० |
| ३. | इलाम | २ | ० | ० | ० | २ | १ | १ | १ | ० | १३००००० |
| ४. | संखुवासभा | ८ | ० | ० | १ | ८ | ७ | ० | २ | ६ | ० |
| ५. | तेह्रथुम | २ | ० | ० | ० | २ | ० | १ | ० | ० | ५००००० |
| ६. | धनकुटा | ३ | ० | ० | १ | ३ | ० | २ | ० | ५ | ७०००००० |
| ७. | भोजपुर | ६ | ० | ० | ० | ७ | ५ | २ | ० | ० | ० |
| ८. | खोटाङ्ग | ४ | ० | ० | ० | ४ | २ | ० | २ | ५ | ५५०००० |
| ९. | सोलुखुम्वु | ४ | ० | ० | ० | ४ | ० | २ | १ | ६ | ५९१८००० |
| १०. | ओखलढुङ्गा | ४ | ० | ० | ० | ४ | ० | २ | २ | २ | ६२३०००० |
| ११. | उदयपुर | ३ | ० | ० | ० | ७ | १ | ० | १ | ० | ३६६००० |
| १२. | झापा | ७ | ० | ० | ० | ५ | १ | १ | १ | ० | १४९०००० |
| १३. | मोरङ्ग | २ | ० | ० | ० | २ | १ | ० | १ | ११ | २८००० |
| १४. | सुनसरी | ८ | १ | ० | २ | ३ | १ | ० | ० | ० | ० |
| १५. | सप्तरी | ३ | ० | ० | ० | २ | १ | २ | ० | ० | २२०००० |
| १६. | सिराहा | ९ | ० | ० | ० | १० | ६ | २ | २ | ० | ८२०००० |
| १७. | धनुषा | १ | ० | ० | ० | ३ | ० | ३ | ० | ० | ३५०००० |
| १८. | महोत्तरी | ४ | ० | ० | ० | ४ | १ | ३ | ० | ० | १२३७००० |
| १९. | सर्लाही | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | १५०००० |
| २०. | रौतहट | २ | ० | ० | ० | २ | ० | २ | ० | ० | ४००००० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २१. | वारा | ६ | ० | ० | ० | ६ | ३ | ३ | १ | ० | ६३०००० |
| २२. | दोलखा | ६ | ० | ० | १ | १० | ३ | १ | ६ | ४० | ० |
| २३. | पर्सा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २४. | रामेछाप | ७ | ० | ० | ० | १४ | ३ | ६ | २ | ७ | २५५०००० |
| २५. | सिन्धुली | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २६. | काभ्रेपलाञ्चोक | ५ | ४ | १ | ० | ४ | ० | १ | १ | ० | ० |
| २७. | सिन्धुपाल्चोक | ८ | ० | ० | ० | १३ | ३ | ८ | ० | ४ | ० |
| २८. | रसुवा | २ | ० | ० | ० | ३ | ० | ० | ३ | १ | ० |
| २९. | नुवाकोट | ३ | १ | ० | १ | ३ | ० | ० | १ | ७ | १४७०००० |
| ३०. | धादिङ्ग | ८ | ४ | १ | ० | ६ | ० | ८ | १ | ३ | ० |
| ३१. | चितवन | ७ | ० | ० | २ | १ | ० | ० | ० | ० | ० |
| ३२. | मकवानपुर | ४ | १ | ० | ० | २ | ० | १ | १ | ४५ | २५०००० |
| ३३. | भक्तपुर | ८ | ० | ० | ० | १७ | १ | ३ | ११ | ४ | ६५११५०० |
| ३४. | ललितपुर | ३ | ० | ० | ० | २ | ० | १ | १ | ८ | ३८९००० |
| ३५. | काठमाण्डौ | ११ | ३ | ० | १ | ९ | ३ | १ | ३ | ५ | ५६२५३०० |
| ३६. | गोर्खा | ८ | १ | ० | ७ | ११ | २ | ५ | ० | ० | ४००००० |
| ३७. | लमजुङ्ग | १० | ० | ० | ३ | ६ | ५ | १ | १ | २ | ० |
| ३८. | तनहु | ७ | २ | ० | २ | ७ | १ | १ | २ | ० | ३६५००० |
| ३९. | कास्की | १९ | १ | ० | १ | १८ | ८ | ५ | ४ | १४ | ८९००००० |
| ४०. | मनाङ्ग | २ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ४१. | मुस्ताङ्ग | ५ | ० | ० | ० | १ | ० | १ | ० | ० | ६०००० |
| ४२. | पर्वत | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ४३. | स्याङ्गजा | ३ | १ | ० | १ | ३ | ० | २ | ० | ० | ० |
| ४४. | म्याग्दी | १७ | ५ | ० | ५ | ७ | १ | ३ | २ | २ | ० |
| ४५. | वागलुङ्ग | १९ | ० | ० | १ | २१ | ४ | १२ | ९ | १९ | ४१७०००० |
| ४६. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ५ | ० | ० | ० | ४ | ३ | १ | ० | ० | ० |
| ४७. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ८ | ० | ० | १ | ९ | ६ | ३ | ० | ० | ६८०००० |
| ४८. | रुपन्देही | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० |
| ४९. | कपिलवस्तु | ८ | २ | ० | ० | ८ | ६ | ० | ० | ० | ३११५०० |
| ५०. | पाल्पा | ७ | २ | ० | २ | ७ | १ | २ | १ | ३ | १०५०००० |
| ५१. | अर्घाखाची | ५ | ० | १ | ० | १३ | ३ | ८ | २ | ६ | ० |
| ५२. | गुल्मी | २ | ० | ० | ० | २ | ० | ० | २ | ३ | ४००००० |
| ५३. | रुकुम पूर्व | ६ | ० | ० | ० | ४ | १ | ३ | ० | ० | १५२०५७५ |
| ५४. | रोल्पा | १४ | २ | ० | १ | ७ | २ | २ | ० | ० | ४७९०००० |
| ५५. | प्युठान | १६ | ६ | १ | ० | १९ | ३ | ११ | ४ | ३५ | ५१६२००० |
| ५६. | दाङ्ग | २५ | २ | ० | २ | ३६ | १० | १६ | २ | ८ | ५९०७००० |
| ५७. | वाके | ४ | ० | ० | ० | ५ | २ | २ | ० | १ | ६६६००० |
| ५८. | वर्दिया | ७ | ० | ० | २ | ११ | ० | ९ | २ | २ | ६२३००० |
| ५९. | रुकुम पश्चिम | ८ | २ | ० | ३ | ११ | १ | १ | २ | ८ | ० |
| ६०. | सल्यान | ९ | १ | ० | ० | १३ | १ | ७ | ६ | ४३ | ० |
| ६१. | डोल्पा | ५ | २ | १ | ० | ९ | ३ | ० | ० | ० | ० |
| ६२. | जुम्ला | ७ | १० | १ | ६ | १०४६ | ७२७ | ३१८ | १ | ८६ | ० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| ६३. | मुगु | १ | ८ | ० | ५ | २०९ | ७९ | १३० | ० | ० | ० |
| ६४. | हुम्ला | ३ | ४ | ० | ६ | ४९ | १७ | ३० | ० | ९७ | १५८६००० |
| ६५. | कालिकोट | २५ | ८ | १६ | १७ | १९७ | ४५ | १६६ | ४ | ३७ | ० |
| ६६. | जाजरकोट | ७ | २ | ० | ० | ९ | १ | ३ | १ | ६ | ० |
| ६७. | दैलेख | १० | १ | ० | ० | ११ | ७ | २ | १ | ७ | ० |
| ६८. | सुर्खेत | १० | १ | ० | ३ | ३९ | ४ | २३ | १२ | ९२ | २२७४१००० |
| ६९. | वाजुरा | २० | १ | ० | १ | ७५ | ५२ | १५ | ३ | २२ | १५५४००० |
| ७०. | वझाङ्ग | ५ | ० | ० | १ | ६ | ३ | १ | १ | १५ | ० |
| ७१. | डोटी | ३ | १ | ० | १ | ३ | २ | ० | ० | ० | ० |
| ७२. | आछाम | ९ | २५ | १ | १२ | ९ | १ | ७ | १ | ८ | १५०००० |
| ७३. | दार्चुला | ११ | ७ | ९ | १२ | ५९ | १२ | ४३ | ० | ७ | ० |
| ७४. | वैतडी | ३ | ० | ० | ० | २ | ० | २ | ० | ७ | ० |
| ७५. | डडेलधुरा | २ | १ | ० | २ | १२ | ० | ० | ० | ९ | ० |
| ७६. | कन्चनपुर | ३ | १ | ० | २ | ३ | १ | २ | ० | ० | ८०००० |
| ७७. | कैलाली | ६ | १ | ० | ३ | ६ | १ | १ | ० | २ | ० |
| जम्मा | | ५२६ | ११९ | ३२ | ११५ | २३०३ | ११०६ | १००६ | ११४ | ७७३ | १३७०३०८७५ |

स्रोतः **http://drrportal.gov.np**

## अनुसूची २

## मनसुनजन्य घटना बाहेक विपद्जन्य घटनाबाट भएको क्षतिको जिल्लागत विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | | | वेपत्ता | घाईते | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | ताप्लेजुङ | २२ | १ | २ | ३ | ० | ५ | १ | ६ | ८८ | ८८ | १२९ | ८ | ६८ | ५१०४१३०० |
| २ | पाँचथर | १३ | १ | २ | ३ | ० | ० | ० | ० | १० | ३ | ६ | १ | १० | ४८९७५०० |
| ३ | इलाम | ७ | १ | ० | १ | ० | ० | ० | ० | ७ | २ | २ | २ | ० | २१८०००० |
| ४ | संखुवासभा | १८ | ० | १ | १ | ० | ० | ५ | ५ | १८ | ८ | १ | ४ | २२ | १२८०००० |
| ५ | तेह्रथुम | ७ | ० | ० | ० | ० | १ | ० | १ | ७ | २ | ३ | १ | ० | ३८७५००० |
| ६ | धनकुटा | १० | १ | ० | १ | ० | १ | १ | २ | १२ | २ | ६ | ० | ५ | १४५१०००० |
| ७ | भोजपुर | १६ | ० | ० | ० | ० | ० | २ | २ | १८ | ९ | ५ | १ | २ | ५५१७००० |
| ८ | खोटाङ्ग | १७ | ० | १ | १ | ० | ० | २ | २ | २० | ७ | ४ | ७ | ३२ | ७४०९६०० |
| ९ | सोलुखुम्वु | १९ | १ | ० | १ | ० | १ | ३ | ४ | २० | १ | १० | १ | १० | १८२५८००० |
| १० | ओखलढुङ्गा | ९ | ० | ० | ० | ० | ० | १ | १ | ९ | १ | ४ | २ | ५ | ९०९३००० |
| ११ | उदयपुर | १७ | १ | ० | १ | ० | ४ | २ | ६ | २२ | १ | ४ | ३ | ७ | ९३४१००० |
| १२ | झापा | ७८ | २ | २ | ४ | ० | ६ | ६ | १२ | ९१ | ४१ | १६ | ९ | ८ | ६६३३८००० |
| १३ | मोरङ्ग | ४० | १ | १ | २ | ० | १ | ३ | ४ | ५० | १६ | १३ | १० | २८ | २१९३१००० |
| १४ | सुनसरी | ४८ | १ | २ | ३ | १ | ४ | ४ | ८ | ५० | २१ | ६ | १० | २२ | १३१७९३०० |
| १५ | सप्तरी | ३१ | २ | ० | २ | ० | ६ | ३ | ९ | ५३ | १५ | २० | ९ | ६ | ९१५९४०० |
| १६ | सिराहा | ३५ | २ | ० | २ | ० | ४ | ४ | ८ | ३८ | १८ | ३ | ४ | २३ | १५६६५७०० |
| १७ | धनुषा | २० | ० | ० | ० | ० | ३ | ३ | ६ | १६ | ४ | २ | १ | ० | १५९६००० |
| १८ | महोत्तरी | १५ | ० | १ | १ | ० | ० | ० | ० | १९ | ७ | ६ | २ | ० | १२७४२००० |
| १९ | सर्लाही | १८ | १ | १ | २ | ० | २ | १ | ३ | १९ | १० | ३ | ३ | ४ | ४७४४००० |
| २० | रौतहट | २५ | ० | ४ | ४ | ० | ० | ३ | ३ | ४० | १५ | १४ | ५ | १७ | ८८९१५०० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | | | वेपत्ता | घाईते | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| २१ | वारा | २२ | २ | १ | ३ | ० | १ | ३ | ४ | २४ | ४ | ६ | ६ | २ | २९७२२०० |
| २२ | पर्सा | १२ | ३ | ० | ३ | ० | १ | १ | २ | १३ | ३ | १ | ० | ० | १२९५०००० |
| २३ | दोलखा | ९ | १ | ० | १ | ० | १ | १ | २ | १३ | ३ | १ | ६ | ४० | १२००००० |
| २४ | रामेछाप | ११ | १ | ० | १ | ० | ० | २ | २ | १८ | ३ | ७ | ३ | ९ | ४३००००० |
| २५ | सिन्धुली | ७ | ३ | १ | ४ | ० | ० | १ | १ | ७ | ० | ० | ० | ० | ५०००० |
| २६ | काभ्रेपलाञ्चोक | १० | ३ | २ | ५ | १ | १ | ० | १ | ८ | १ | ३ | ३ | ० | २९२५५००० |
| २७ | सिन्धुपाल्चोक | १८ | १ | ० | १ | ० | १ | ० | १ | २२ | ७ | ११ | १ | १२ | ३९८५००० |
| २८ | रसुवा | ३ | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ३ | १२ | ० |
| २९ | नुवाकोट | ७ | ० | १ | १ | ० | १ | १ | २ | ७ | १ | ० | १ | ७ | २४७०००० |
| ३० | धादिङ्ग | १२ | ५ | २ | ७ | १ | ० | ० | ० | ९ | ० | ८ | १ | ३ | ० |
| ३१ | चितवन | २७ | २ | ३ | ५ | ० | ८ | १९ | २७ | ३९ | २ | १ | ० | ३ | १८१००००० |
| ३२ | मकवानपुर | १७ | ३ | ३ | ६ | ० | ० | ४ | ४ | १६ | ० | ३ | १ | ४६ | ३०७०००० |
| ३३ | भक्तपुर | १६ | ० | ० | ० | ० | २ | १ | ३ | २५ | ४ | ४ | १३ | ४ | ८४२७५०० |
| ३४ | ललितपुर | १७ | ० | ० | ० | ० | ६ | ४ | १० | २० | ३ | १ | ३ | १० | ७२०९००० |
| ३५ | काठमाण्डौ | ४९ | ४ | २ | ६ | ० | १६ | ७ | २३ | ६९ | २३ | ४ | ८ | १० | १४३३०२३०० |
| ३६ | गोर्खा | १६ | ४ | १ | ५ | ० | १९ | १ | २० | ३० | २ | ७ | १ | ८ | ४२०००० |
| ३७ | लमजुङ्ग | १६ | १ | १ | २ | ० | २ | १ | ३ | १२ | ६ | २ | १ | ७ | १२०००० |
| ३८ | तनहु | २१ | ३ | ० | ३ | ० | ५ | ४ | ९ | २२ | ४ | २ | ४ | १ | ९१५००० |
| ३९ | कास्की | ३६ | १ | ० | १ | ० | ० | ४ | ४ | ३५ | ११ | ६ | ६ | १७ | २१५८५००० |
| ४० | मनाङ्ग | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ४१ | मुस्ताङ्ग | ५ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ६०००० |
| ४२ | पर्वत | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | | | वेपत्ता | घाईते | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| ४३ | स्याङ्गजा | ६ | १ | १ | २ | ० | १ | १ | २ | ६ | ० | २ | १ | २ | ० |
| ४४ | म्याग्दी | २७ | ३ | २ | ५ | ० | ४ | ९ | १३ | १९ | ५ | ३ | ३ | ५ | १५००० |
| ४५ | वागलुङ्ग | ३९ | २ | ३ | ५ | ० | २ | ३ | ५ | ५० | ११ | १४ | ११ | ३९ | १२५५५००० |
| ४६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १८ | १ | ० | १ | ० | ३ | १ | ४ | १६ | ७ | २ | ० | १ | ६५००००० |
| ४७ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १७ | १ | ० | १ | ० | ० | १ | १ | १६ | ८ | ४ | ३ | २ | ४७६५००० |
| ४८ | रुपन्देही | १५ | १ | ० | १ | ० | २ | ० | २ | १५ | ४ | ० | ० | १ | १४९८७००० |
| ४९ | कपिलवस्तु | ३३ | १ | ४ | ५ | ० | ४ | १ | ५ | ३२ | १६ | ० | १० | ८ | ३१२४६०० |
| ५० | पाल्पा | ८ | २ | १ | ३ | ० | ० | २ | २ | ८ | १ | २ | १ | ३ | १०५०००० |
| ५१ | अर्घाखाची | ८ | ० | ० | ० | १ | १ | १ | २ | १८ | ३ | १० | २ | ६ | २००००० |
| ५२ | गुल्मी | १३ | १ | १ | २ | ० | १ | २ | ३ | १२ | ३ | १ | ३ | १५ | ७१३०००० |
| ५३ | रुकुम पूर्व | ७ | ० | ० | ० | ० | ० | ० | ० | ४ | १ | ३ | ० | ० | १५२०५७५ |
| ५४ | रोल्पा | २७ | ० | २ | २ | ० | ५ | २ | ७ | २० | ६ | ४ | २ | १५ | ८५८९००० |
| ५५ | प्युठान | २५ | ५ | ४ | ९ | १ | १ | ९ | १० | ३१ | ५ | १३ | ६ | ३८ | ५७७६००० |
| ५६ | दाङ्ग | ४६ | २ | ५ | ७ | ० | ३ | १६ | १९ | ६४ | १३ | २१ | ३ | ८ | १४२७१००० |
| ५७ | वाके | १३ | २ | ० | २ | ० | १ | ० | १ | १४ | ४ | ४ | ० | १ | १७२३५०० |
| ५८ | वर्दिया | ३९ | १ | १ | २ | ० | ११ | १० | २१ | ५५ | २६ | १२ | ५ | १२ | ३९५६५०० |
| ५९ | रुकुम पश्चिम | १३ | ० | २ | २ | ० | १ | ४ | ५ | १६ | २ | १ | २ | १२ | ० |
| ६० | सल्यान | १६ | ३ | ० | ३ | ० | ० | १ | १ | २० | १ | ७ | ८ | ७७ | १८०००० |
| ६१ | डोल्पा | ८ | ४ | ० | ४ | १ | ० | ० | ० | १२ | ३ | ० | ० | ० | ४००००० |

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु | | | वेपत्ता | घाईते | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| ६२ | जुम्ला | १७ | ७ | ४ | ११ | १ | ३ | ६ | ९ | २१ | ७२७ | ३२० | २ | २२६ | ३७००००० |
| ६३ | मुगु | ३ | ५ | ४ | ९ | ० | ० | ५ | ५ | ५ | ८० | १३० | ० | ० | ० |
| ६४ | हुम्ला | ४ | ० | ४ | ४ | ० | ३ | ३ | ६ | ८ | १७ | ३४ | ० | ९७ | १५८६००० |
| ६५ | कालिकोट | २५ | ७ | १ | ८ | १६ | ८ | ९ | १७ | ५८ | ४५ | १६६ | ४ | ३७ | ० |
| ६६ | जाजरकोट | १० | १ | १ | २ | ० | ५ | ५ | १० | २० | २ | ३ | २ | १२ | ० |
| ६७ | दैलेख | २५ | १ | ० | १ | ० | ५ | २७ | ३२ | ४९ | ८ | २ | १ | १८ | ३५००००० |
| ६८ | सुर्खेत | २१ | २ | २ | ४ | ० | ४ | १ | ५ | ४९ | ४ | २५ | १५ | ११३ | २३९२६३०० |
| ६९ | वाजुरा | ३१ | १ | ० | १ | ० | १ | १ | २ | ८५ | ५५ | १६ | ६ | ३८ | ४२०४००० |
| ७० | वझाङ्ग | ६ | १ | ० | १ | ० | ० | १ | १ | ७ | ३ | १ | १ | १५ | ० |
| ७१ | डोटी | ५ | १ | ० | १ | ० | १ | ३ | ४ | ५ | २ | ० | ० | ० | ० |
| ७२ | आछाम | २६ | ७ | २० | २७ | १ | ९ | १६ | २५ | २९ | ७ | ८ | १ | १५ | ८५२००० |
| ७३ | दार्चुला | २७ | ४ | ३ | ७ | ९ | १० | ७ | १७ | ८३ | १३ | ४३ | ० | ३१७ | ० |
| ७४ | वैतडी | ८ | ० | ० | ० | ० | २ | १ | ३ | ७ | १ | २ | ० | ११ | ० |
| ७५ | डडेलधुरा | ९ | १ | ० | १ | ० | ५ | ५ | १० | २२ | १ | ० | ० | १० | ० |
| ७६ | कन्चनपुर | २५ | २ | ५ | ७ | ० | ३ | ४ | ७ | ४५ | ३ | ४ | ४ | ७ | ५१०००० |
| ७७ | कैलाली | ३६ | ४ | ३ | ७ | ० | ६ | ५ | ११ | ३७ | १० | ३ | ४ | ४ | ३३५२०००० |
| जम्मा | | १४५७ | १२६ | १०७ | २३३ | ३३ | २०७ | २६० | ४६७ | १९६० | १४४६ | ११८५ | २४४ | १६२५ | ७००५८१७७५ |

स्रोतः **http://drrportal.gov.np**

अनुसूची ३

# कार्यकारी समितिका निर्णयहरु:-

**मिति २०७९ जेठ ३० गते सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको तेह्रौ बैठकका निर्णयहरू**

निर्णय नं. १

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत गरी एकीकृत ढंगबाट प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

निर्णय नं. २

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खरिद गरिएका खोज तथा उद्धार सामग्रीहरू सशस्त्र प्रहरी बल, नेपाललाई गरिएको हस्तान्तरण अनुमोदन गर्ने र थप सामग्रीहरू Mass Casualty Vehicles; fire brigades; ambulances; CSSR जस्ता सामग्रीहरू हस्तान्तरण गर्ने ।

निर्णय नं. ३

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जोखिमको अवस्था र तत्काल गर्नुपर्ने आवश्यकता समेतका आधारमा प्राथमिकीकरण गरी माग भएका ठाउँमा जोखिम न्यूनीकरण तथा पूनर्निर्माण एवं भौगर्भिक र विपद् जोखिमको प्राविधिक अध्ययन गर्न गराउन विपद व्यवस्थापन कोषको रकम समेत परिचालन गर्ने ।

निर्णय नं. ४

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १० बमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोष संचालनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली प्रथम संशोधनको रुपमा आवश्यक प्रकृया पुऱ्याई स्वीकृतिको गृह मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

(ख) गृह मन्त्रालयमा रहेको विपद् व्यवस्थापन कोषबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा उल्लेख भएका मनसुनका कारण बाढी र पहिरोको उच्च जोखिम रहेका जिल्लाहरूमा बढीमा ७ लाख सम्म र अन्य जिल्लाहरूमा बढीमा ५ लाखसम्म मनसुन प्रतिकार्यको पूर्वतयारीका लागि प्रचलित कानून बमोजिम खर्च गर्न सक्ने गरी आवश्यक रकम गृह मन्त्रालयले जिल्ला विपद व्यवस्थापन कोषमा निकासा पठाउने ।

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

टेकनारायण पाण्डे
सचिव

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

(ग) केन्द्रीय गोदामघर मानवीय सहायता स्थल (HSA) बाट क्षेत्रीय गोदामघर र मोबाईल मानवीय सहायता स्थलमा राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रले (HSA) खोज, उद्धार तथा राहत सामग्रीहरू आवश्यकता अनुसार पठाउने।

(घ) सबै मन्त्रालयहरू र जिल्ला स्थित सबै सरकारी कार्यालयहरूले मनसुन पूर्वतयारी गरी प्रतिकार्यका वा प्रतिकार्य सहयोगका लागि आवश्यकता अनुसार सामाग्री खरिद समेत गरी तयारी अवस्थामा रहने ।

(ङ) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्बन्धित मन्त्रालय र विभागहरूसँग समन्वय गरी सडक निर्माण पूर्व सडकको बर्गीकरणको आधारमा विपद जोखिम आँकलन गर्ने कार्यविधि तर्जुमा गरी स्वीकृतिको लागि कार्यकारी समितिको अर्को बैठकमा पेश गर्ने ।

(च) सबै मन्त्रालय र विपद व्यवस्थपानसँग प्रत्यक्ष रुपमा सम्बन्धित विभागहरूले मनसुनजन्य विपद व्यवस्थापनको दीर्घकालीन योजना र तत्कालीन तयारीको विवरण तत्काल राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र (NEOC) मा पठाउने ।

(छ) सम्भावित विपदको जोखिम न्यूनीकरणका लागि नदीजन्य सामाग्रीहरू व्यवस्थित रुपमा उत्खनन गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन दिन प्राधिकरणका प्राविधिक सहसचिवको संयोजकत्वमा राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सडक विभाग का प्रतिनिधी सम्मिलित समिति गठन गर्ने र सो समितिले ४५ कार्यदिनभित्र सुझाव सहितको प्रतिवेदन कार्यकारी समितिको सचिवालयमा पेश गर्ने ।

(ज) मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न र मनसुनजन्य विपदको व्यवस्थापनलाई कार्यान्वयन तहमा प्रभावकारी समन्वय र सहकार्य गर्न गृह मन्त्रालयको विपद व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा संचार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, तीनवटै सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, सडक विभाग, जलस्रोत तथा सिंचाई विभागका प्रतिनिधिहरू समेत रहने गरी राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रमा मनसुन अवधिभरका लागि मनसुन प्रतिकार्य कमाण्ड टोली खटाउने ।

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

टेकनारायण पाण्डे
सचिव

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

(झ) जलवायु परिवर्तन लगायतका कारण बढ्दो बाढी तथा गेग्रान बहाबले पूर्वाधारहरूमा हुने क्षतिलाई मध्यनजर गर्दै विपदका हिसाबले सुरक्षित पूर्वाधार (Disaster Resilient Infrastructure) निर्माण गर्न राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्बन्धित निकायहरू सम्मिलित कार्यदल गठन गरी कार्ययोजना तयार पार्ने।

(ञ) गृह मन्त्रालयले मिति २०७८ माघ १४ गतेदेखि ०७९ जेष्ठ २९ सम्म गृह मन्त्रालयको विपद व्यवस्थापन कोषबाट विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषहरूमा पठाईएको रकम रु. १ करोड ८० लाख अनुमोदन गर्ने ।

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

टेकनारायण पाण्डे
सचिव

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

<u>चौधौं बैठकका निर्णयहरु</u>

<u>छलफलः</u> मनसुनजन्य विपद् र त्यसको पछिल्ला दिनका असरहरुका बारेमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मन्त्रालयको महाशाखाका साथै कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूहरुसमेतबाट विषय क्षेत्रगत रुपमा बैठकमा जानकारी गराईयो । सुरक्षा निकायका प्रमुखहरुले प्रतिकार्य तथा समन्वयमा भएका गतिविधि, सडक विभाग, जलश्रोत तथा सिंचाई विभागका महानिर्देशकहरुबाट सडक, कटानको क्षति विवरण नेपाल रेडक्रस सोसाईटी लगायतले मौज्दात सामग्रीका सम्बन्धमा विवरण प्रस्तुत गर्नु भयो । सप्तकोशीले आफ्नो बहाबको धार परिवर्तन गर्दा उदयपुर जिल्लाको वेलका नगरपालिका र सुनसरी जिल्लाको बराह क्षेत्र नगरपालिकामा पारेको असर, त्यहाँ भईरहेका प्रतिकार्यका कार्यहरुका सम्बन्धमा गहन छलफल भयो ।

<u>निर्णय नं. १</u>:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को १० मा व्यवस्था भएबमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोषसञ्चालनका लागि तर्जुमा गरिएको "विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९ स्वीकृत" गर्ने।

<u>निर्णय नं. २</u>:- मनसुनको अवधि झण्डै आधा-आधी बाँकी रहेको तथा यस वर्ष औषतभन्दा बढी पानी पर्ने प्रक्षेपण भएको सन्दर्भमा विपद् प्रभावित क्षेत्रहरुमा सबै सरोकारवाला निकायहरु आवश्यकता अनुसार आ-आफ्नो क्षेत्रमा एकीकृत र समन्वयतात्मक रुपमा प्रभावकारी ढङ्गले परिचालित भई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक क्रियाशिलताका साथ विपद् प्रतिकार्य गर्न निर्देशन दिने।

<u>निर्णय नं. ३</u>:- मिति २०७९ श्रावण ७ गते माननीय गृहमन्त्रीज्यूबाट सशस्त्र प्रहरी बल, नेपाललाई हस्तान्तरण गरिएका ८/८ वटा सामूहिक विपद् उद्धार एम्बुलेन्स र ए ओडि एम्बुलेन्सको प्रभावकारी संचालन, नियमित मर्मत सम्भार र आवश्यक जनशक्ति समेतको व्यवस्थापन गर्ने सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी कार्यविधि तर्जुमा गर्ने।

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## मिति २०७९ भाद्र १७ गते शुक्रबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको पन्ध्रौं बैठकका निर्णयहरु

निर्णय नं १ः- मनसुनजन्य विपद्बाट क्षतिग्रस्त भएका देहाय बमोजिमका स्थानीय तहमा अत्यावश्यक संरचनाहरुको तत्काल पुनर्निर्माण तथा जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ बमोजिम सम्बन्धित स्थानीय तहको ३०% सम्म लागत सहभागिता गर्ने सुनिश्चितता गरी देहाय बमोजिमका कार्यक्रम स्वीकृत गर्ने र प्रचलित कानून तथा कार्यविधि बमोजिम कार्यान्वयनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने।

(क) उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. ८ मा सप्तकोशी नदी तटबन्ध गर्ने कार्यका लागि रू.९७ लाखको कार्यक्रम।

(ख) प्यूठान जिल्लाको प्यूठान नगरपालिकामा झिमरुक नदी तटबन्ध निर्माण गर्ने कार्यका लागि रू.१ करोडको कार्यक्रम।

(ग) गोरखा जिल्लाको पालुङटार नगरपालिका वडा नं. ९ र १० मा अस्थायी पूल निर्माण तथा तटबन्ध निर्माण गर्ने कार्यका लागि रू.१ करोडको कार्यक्रम।

(घ) डडेलधुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं. २ गणेश मा.वि. र भुवनेश्वरी मा.वि.मा पहिरो जोखिम न्यूनीकरण गर्न रिटेनिंग वाल लगाउने कार्यका लागि रू.१७ लाखको कार्यक्रम।

(ङ) बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिका-३ स्थित भाग्योदय नि.मा.वि. पुनर्निर्माणको लागि रू.१३ लाखको कार्यक्रम।

निर्णय नं २ः- मिति २०७८/०२/०५ मा लमजुङमा र मिति २०७९/०४/१५ मा खोटाङमा गएको भूकम्पबाट क्षति भएका संरचनाहरुको विस्तृत क्षति आँकलन गरी कार्ययोजना सहित आगामी कार्यकारी समितिमा पेश गर्ने।

निर्णय नं ३ः- बहुप्रकोपीय विपद्बाट क्षति भएका निजी आवासहरुको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि एकीकृत कार्यविधि तर्जुमा गरी आगामी कार्यकारी समितिको बैठकमा पेश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सैद्धान्तिक सहमति दिने।


निर्णय नं ४ः- गृह मन्त्रालयको विपद् सम्बन्धी कोषबाट विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषमा मिति २०७८ माघ १४ देखि २०७९ आषाढ ३२ सम्म निकासा भएको रकम रू.६ करोड ४५ लाख मात्र अनुमोदन गर्ने।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

गृह मन्त्री

Ministry of Home Affairs
National Emergency Operation Center
Nepal

# Network of Emergency Operation Centers (EOCs) in Nepal




Map Data: Department of Survey
Map Updated On: 2021 Apr 18

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन  कार्यकारी समितिको बैठकको झलक



मानिनीय गृहमन्त्रीज्यूबाट मनाङ्ग जिल्लास्थित बाढी पहिरोले क्षति पुऱ्याएको क्षेत्रको अनुगमन तथा निरीक्षण



मानवीय सहायता स्थल, काठमाडौमा श्रीमान् गृह सचिवज्यूबाट भएको निरीक्षण




मानवीय सहायता स्थल, काठमाडौको निरीक्षण पश्चात श्रीमान् गृह सचिवज्यूबाट निर्देशन दिनुहुँदै



बाढीबाट क्षतिग्रस्त झोलुङ्गे पुल



बाढीबाट क्षतिग्रस्त पक्कीपुल, दार्चुला



आपतकालीन आश्रयस्थल



आपतकालीन उद्धारमा संलग्न सुरक्षाकर्मी, बेलका, उदयपुर

